वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

bhanjyangnews.com

वर्ष ४४ अंक ३०१ | २०८२ चैत्र १० गते मंगलबार, नेपाल सम्वत् ११४६ March 24, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-









## गाउँमै भिडियो एक्सरे सेवा

तनहुँको आँबुखैरेनी गाउँपालिकाले वडा नं. ६ को हिलेखर्कमा सञ्चालन गरेको एकीकृत स्वास्थ्य शिविरमा स्त्रीरोग सेवा तथा यूयसजी सेवा प्रदान गरिदै । देउराली स्वास्थ्य चौकीसंग समन्वय गरी सञ्चालन गरिएको शिविरमा परिवार नियोजन, भिआईए परीक्षण, खकार जाँच, स्त्रीरोग सेवा तथा युयसजी सेवा प्रदान गरिएको थियो । गाउँपालिकाले हरेक वर्ष टोल–टोलमा डाक्टरसहित स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको र यस कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# तनहुँमा १८३ क्षयरोगी उपचारको दायरामा, रोगी पत्ता लगाउन चुनौती बन्दै

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँमा चालु आर्थिक वर्षमा १८३ जना क्षयरोगका बिरामी उपचारको दायरमा आएका छन्। चालु आर्थिक वर्षको आठ महिनामा जिल्लाभित्र ती क्षयरोगी भेटिएको प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी सुदीप कँडेलका अनुसार जिल्लाका दशवटै स्थानीय तहमा क्षयरोगी भेटिएका छन् । गत आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ३१८ क्षयरोगी भेटिएका थिए। त्यसमध्ये १३ जनाको मृत्यु भएको र नियमित औषधि सेवन गर्दा क्षयरोग निको हुने दर ९१ प्रतिशत रहेको उनले जानकारी गराए ।

त्यसैगरी आव २०८०/८१ मा जिल्लामा ३२५ र आव २०७९/८० मा २८५ जना क्षयरोगका बिरामी भेटिएका थिए । जिल्लास्थित १११ स्वास्थ्य संस्थाबाट क्षयरोगीको उपचार हुने गरेको जानकारी गराउँदै सूचना अधिकारी कँडेल भने, '१४ स्वास्थ्य संस्थामार्फत् क्षयरोग पहिचानका लागि खकार परीक्षणको व्यवस्था मिलाइएको छ ।'

यस्तै, प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका प्रमुख अमर दवाडीले जिल्लामा क्षयरोगी पहिचान गर्नु मुख्य चुनौती बन्दै गएको बताए । उनले भने, 'धेरै बिरामीहरु लुकेर बस्ने, परीक्षणमा नआउने तथा समयमै स्वास्थ्य संस्थामा नपुग्ने प्रवृत्तिका कारण



क्षयरोग नियन्त्रणमा कठिनाइ भइरहेको छ ।'

'क्षयरोग निको हुने रोग हो, तर समयमै पत्ता लगाउन नसक्दा जटिलता बढ्ने र अरुमा समेत सर्ने जोखिम हुन्छ', प्रमुख दवाडीले भने, 'त्यसैले लक्षण देखिएमा ढिलाइ नगरी नजिकको स्वास्थ्य संस्थामा गएर परीक्षण गराउनुपर्छ।'

तनहुँको भानु नगरपालिका, व्यास नगरपालिका र म्याग्दे गाउँपालिकाले क्षयरोग मुक्त पालिका बनाउने लक्ष्यसहित विशेष अभियान सञ्चालन गरिरहेको बताउँदै प्रमुद दवाडीले भने, 'ती पालिकाहरुमा सक्रिय रुपमा क्षयरोगी खोजपड्ताल, परीक्षण अभियान सञ्चालन गरिएको छ ।'

अभियान अन्तर्गत स्वास्थ्यकर्मीहरु घरदैलोमै पुगेर जोखिममा रहेका व्यक्तिहरुको पहिचान गर्ने, लक्षण देखिएकाहरुको नमुना संकलन गर्ने तथा परीक्षण गराउने कार्य भइरहेको उलने जानकारी गराए । उनले भने, 'क्षयरोगको परीक्षण तथा उपचार पूर्ण रुपमा निःशुल्क उपलब्ध गराइएको छ ।'

स्वास्थ्य कार्यालयले सर्वसाधारणलाई दुई हप्ताभन्दा बढी खोकी लागेमा, तौल घट्दै गएमा, ज्वरो तथा राति पसिना आउने जस्ता लक्षण देखिए तुरुन्त परीक्षण गराउन आग्रह गरेको छ । समुदायको सक्रिय सहभागिता, जनचेतना र समयमै परीक्षणले मात्र क्षयरोग नियन्त्रण तथा उन्मूलन सम्भव हुने भएकाले यस अभियानमा सबै क्षेत्रबाट सकरात्मक पहल र सहकार्यको आवश्यकता रहेको कार्यालयले जनाएको छ ।

कुपोषण भएका, धुमपान तथा सुर्तीजन्य पदार्थको सेवन गर्ने, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी संक्रमित, रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिस क्षयरोगको उच्च जोखिम पर्ने गर्दछन । तौल कम हुनु, खानामा रूचि कम हुनु, दुई हप्ताभन्दा बढी समय एकनासले खोकी लाग्नु, राति ज्वरो आउनु क्षयरोगका प्रमुख लक्षण हुन् ।

# गण्डकी प्रदेशसभा: सडक ऐन संशोधन विधेयकमाथि सैद्धान्तिक छलफल

**भञ्ज्याङ समाचारदाता/गण्डकी**

गण्डकी प्रदेशसभाको सोमबारको बैठकमा गण्डकी प्रदेश सडक ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ । प्रदेशसभामा आइतबार पेश भएको उक्त सडक ऐनलाई संशोधन गर्न बनेको विधेयकको आवश्यकता र औचित्यबारे प्रदेशसभा सदस्यहरूले धारणा राख्नुभयो ।

प्रदेशसभा सदस्य अशोकुमार श्रेष्ठले जनताको माग र आवश्यकतालाई दृष्टिगत गरी प्रदेश लोकमार्ग र प्रादेशिक सडकमा तोकिएको सडक सीमासम्बन्धी व्यवस्था संशोधन गर्न सरकारले संशोधन विधेयक ल्याएको बताउनुभयो। प्रदेशसभा सदस्य सुधिरकुमार पौडेलले कानुन कार्यान्वयन गर्दा देखिएका जटिलता फुकाउन ऐन संशोधन गर्नुपरेको बताउनुभयो । प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले कुनैपनि कानुन आवश्यकता र औचित्यका आधारमा संशोधन गर्नुपर्ने बताउनुभयो । अर्का प्रदेशसभा सदस्य बिन्दु पौडेलले प्रदेशको सिङ्गो यातायात प्रणालीलाई सहज बनाउने सडक ऐन संशोधन गर्नुपर्ने धारणा राख्नुभयो ।

छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री प्रकाशबहादुर केसीले नागरिकको सम्पत्तिको हक र आवास सुरक्षाका लागि सडक सीमा र सडक संरचनासम्बन्धी ऐनमा रहेका व्यवस्था परिमार्जन गर्नुपरेको

*बाँकी अन्तिम पेजमा*

# धन्दुरस्थित नौ तले सिद्धगुफालाई प्रवर्द्धन गर्दै भिमाद नगरपालिका

**भञ्ज्याङ समाचारदाता/भिमाद**

सुन्दा पनि अचम्म लाग्न सक्छ। तनहुँको भिमाद नगरपालिका–९ धन्दुरस्थित सिद्ध गुफा नौ तले संरचनामा फैलिएको छ । पृथ्वी राजमार्ग अन्तर्गत खैरेनीटारस्थित भिमाद चोकबाट १० किलोमिटर दुरीमा रहेको धन्दुर क्षेत्रमा पर्ने यो गुफामा अपेक्षित रुपमा पर्यटक भित्र्याउन सकिएको छैन । गुफा क्षेत्रको पूर्वाधार विकाससँगै यसको प्रवर्द्धनमा नगरपालिकाले निरन्तर काम गरिरहेको भिमाद नगरपालिकाका प्रमुख दधिराज




सुवेदीले जानकारी दिए ।

ऐतिहासिक एवं धार्मिक महत्वको यस गुफाको प्रवर्द्धनमार्फत यस क्षेत्रको पर्यटकीय विकास गर्ने नगरपालिकाको सोच रहेको छ । यो गुफाका सम्बन्धमा परापूर्व कालदेखि स्थानीय जानकार भए पनि पर्यटकीय पूर्वाधार विकास र प्रचारप्रसार हालै मात्र हुन थालेको सिद्ध गुफा विकास समितिका पूर्वउपाध्यक्ष बेलबहादुर थापाले बताए । उनका अनुसार गुफाको प्रवेश मार्ग साँघुरो भएका कारण निहुरिएर मात्रै भित्र पस्न सकिन्छ। विभिन्न तलामा संरचित यो गुफामा प्रवेश मार्गबाट करिब ३० मिटरभित्र पसेपछि पहिलो तला आउँछ । उक्त तलामा करिब १५० बढी मान्छे अटाउने ठाउँ छ । त्यसपछि दोस्रो, तेस्रो, चौथो हुँदै नवौं तलासम्म गुफा फैलिएको छ ।

नगरपालिकाका प्रमुख सुवेदीका अनुसार यस अघि पुरानो पुस्ताका मानिस नवौ तलासम्म पुगेका थिए। "मेरै पिताजीले गुफाको नवौं तलासम्म पुगेको अनुभव सुनाउनुहुन्थ्यो भने मेरो दाजुले सात तलासम्म पुगेको सुनाउनुभयो", उनले भने, "चौथो तलासम्म मसहित धेरै जना पुगेका छौं ।"

अहिले पनि तेस्रो तलासम्म सजिलै पुग्न सकिने बताउँदै उनले चौथो तलामा जाने मार्गमा चुन ढुङ्गा पग्लिएका कारण अत्यन्त साँघुरो र जोखिमयुक्त भएकाले माथि जान रोक लगाइएको बताए। चौथो तलामा आँफू पुग्दा त्यहाँ तत्कालीन राजा सुरेन्द्रको पालामा काटिएका सिक्का, पैसा चढाउने तामाको भाडाजस्ता पुरातात्विक महत्वका सामग्री देखेको उनको भनाई छ ।

सरकारले घोषणा गरेको देशका १०० पर्यटकीय गन्तव्यमा यस गुफा पनि एक रहेको छ। जिदी खोला किनारको जङ्गल क्षेत्रमा अवस्थित यस गुफाभित्र ढिकी, जाँतो, गाईका थुन, हात्तीको सुँड, शिवलिङ्ग र विभिन्न देवीदेवताका आकृति देखिन्छन् । स्थानीय तेजबहादुर थापाका अनुसार यस गुफाको धार्मिक रुपमा पनि उत्तिकै महत्व छ । प्रत्येक वर्ष साउन महिनामा शिवको विशेष पूजासँगै स्थानीयले बाली लगाउने र भित्र्याउने समयमा यहाँ पूजाआजासहित नवान्न चढाउने गर्दछन् । यहाँ चैते दसैंमा मेला लाग्ने गरेको छ। पछिल्ला समयमा यहाँको पर्यटकको आकर्षण बढ्दै गएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# क्षयरोग नियन्त्रणमा चुनौती र अवसर

आज चैत्र १० गते विश्व क्षयरोग दिवस-२०८२ मनाइदै छ । 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने मुल नाराका साथ यो दिवस मनाइदै छ । यसै सर्न्दमा जनस्वास्थ्य कार्यालय तनहुँले जिल्लामा चालु आर्थिक वर्षको आठ महिनामा १८३ जना क्षयरोगका बिरामी उपचारको दायरामा आएको जनाएको छ । तथ्यले हाम्रो स्वास्थ्य प्रणालीको एक महत्वपूर्ण पक्ष उजागर गरेको छ। प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँका अनुसार जिल्लाका सबै स्थानीय तहमा क्षयरोगी भेटिनु यो रोग अझै समुदायस्तरमै फैलिएको संकेत हो। पछिल्ला वर्षका तथ्यांक हेर्दा आव २०७९/८० मा २८५, आव २०८०/८१ मा ३२५ र आव २०८१/८२ मा ३१८ जना बिरामी भेटिएका छन्। यसबाट क्षयरोग नियन्त्रणमा केही प्रयास भइरहे पनि पूर्ण नियन्त्रण अझै चुनौतीपूर्ण रहेको स्पष्ट हुन्छ । क्षयरोग (ट्युबरकुलोसिस) कुनै नयाँ रोग होइन, तर आजका दिनमा पनि यसले जनस्वास्थ्यमा गम्भीर चुनौती खडा गरिरहेको छ। सकारात्मक पक्ष के छ भने नियमित औषधि सेवन गर्दा ९१ प्रतिशतसम्म निको हुने दर रहेको छ। यसले क्षयरोग पूर्ण रूपमा उपचारयोग्य रोग भएको पुष्टि गर्छ। तर विडम्बना, गत वर्ष मात्रै १३ जनाको मृत्यु हुनु उपचारमा ढिलाइ, सचेतनाको कमी र सामाजिक लाज-शर्मका कारण रोग लुकाउने प्रवृत्तिको परिणाम हो ।

प्रदेश जनस्वास्थ्य कार्यालयले औंल्याएझैं, क्षयरोगी पहिचान गर्नु नै अहिलेको मुख्य चुनौती बनेको छ। धेरै बिरामीहरू लक्षण देखिए पनि परीक्षणमा नआउने, रोग लुकाउने वा ढिलाइ गर्ने प्रवृत्तिले रोगलाई थप जटिल बनाइरहेको छ। यसले न केवल बिरामीको स्वास्थ्य जोखिममा पार्छ, बरू परिवार र समुदायमा समेत संक्रमण फैलाउने सम्भावना बढाउँछ। त्यसैले, क्षयरोगविरूद्धको लडाइँमा सबैभन्दा पहिला मानसिकता परिवर्तन आवश्यक छ- रोग लुकाउने होइन, समयमै परीक्षण गर्ने संस्कार विकास हुनुपर्छ । तनहुँमा १११ स्वास्थ्य संस्थामार्फत क्षयरोगको उपचार सेवा उपलब्ध हुनु र १४ वटा संस्थाबाट खकार परीक्षणको व्यवस्था हुनु सकारात्मक उपलब्धि हो। अझ भानु नगरपालिका, व्यास नगरपालिका र म्याग्दे गाउँपालिकाले 'क्षयरोग मुक्त पालिका' बनाउने लक्ष्यसहित सञ्चालन गरेका विशेष अभियानहरू प्रशंसनीय छन्। घरदैलोमै पुगेर जोखिम समूह पहिचान गर्ने, नमुना संकलन गर्ने र परीक्षण गराउने कार्यले रोग पहिचानलाई सहज बनाएको छ। यस्ता अभियानले समुदायमा विश्वास पनि बढाउँछन् । तर, यस्ता प्रयासलाई अझ व्यापक र प्रभावकारी बनाउन आवश्यक छ। क्षयरोग नियन्त्रण केवल स्वास्थ्य क्षेत्रको जिम्मेवारी मात्र होइन, यो सामाजिक अभियान पनि हो। समुदायको सक्रिय सहभागिता, जनचेतनाको विस्तार र स्थानीय सरकारको दृढ प्रतिबद्धता बिना यो लक्ष्य हासिल गर्न सकिँदैन। विद्यालय, सञ्चारमाध्यम, सामाजिक संघ-संस्था र स्थानीय अगुवाहरूले संयुक्त रूपमा जनचेतना फैलाउनुपर्छ ।

क्षयरोगका लक्षणहरू- दुई हप्ताभन्दा बढी खोकी लाग्नु, तौल घट्दै जानु, राति पसिना आउनु, ज्वरो आउनुलाई सामान्य रूपमा लिने प्रवृत्ति अझै पनि छ। धेरैले यसलाई सामान्य रूघाखोकी ठानेर बेवास्ता गर्छन्, जसले गर्दा रोग ढिलो पत्ता लाग्छ। यसतर्फ विशेष ध्यान दिनु आवश्यक छ। स्वास्थ्य कार्यालयले गरेको आग्रह—लक्षण देखिए तुरून्त परीक्षण गराउनेलाई व्यवहारमा उतार्न सके मात्र रोग नियन्त्रण सम्भव हुन्छ । अर्को महत्वपूर्ण पक्ष जोखिम समूह हो। कुपोषण भएका व्यक्ति, धुमपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्नेहरू, मधुमेहका बिरामी, मादकपदार्थ सेवन गर्ने, एचआइभी संक्रमित तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिहरू क्षयरोगको उच्च जोखिममा हुन्छन्। त्यसैले, यी समूहलाई लक्षित गरेर विशेष कार्यक्रम सञ्चालन गर्न जरूरी छ। पोषण सुधार, धुमपान नियन्त्रण र स्वास्थ्य शिक्षा कार्यक्रमलाई क्षयरोग नियन्त्रण रणनीतिसँग जोड्नु आजको आवश्यकता हो । सरकारले क्षयरोग परीक्षण र उपचार नि:शुल्क उपलब्ध गराएको छ, जुन सराहनीय कदम हो। तर सेवा उपलब्ध भए पनि पहुँच र उपयोगिता सुनिश्चित गर्न अझ काम गर्नुपर्ने देखिन्छ। दुर्गम क्षेत्रका नागरिकलाई सहज पहुँच, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था र नियमित औषधि आपूर्ति सुनिश्चित गर्नु आवश्यक छ ।

समग्रमा, तनहुँमा क्षयरोग नियन्त्रणका लागि प्रयास भइरहे पनि अझ धेरै गर्न बाँकी छ। समयमै पहिचान, नियमित उपचार, जनचेतना विस्तार र समुदायको सहभागिता- यी चार आधारस्तम्भमा ध्यान केन्द्रित गर्न सके मात्र 'क्षयरोग मुक्त समाज'को लक्ष्य साकार हुन सक्छ। अब प्रश्न केवल स्वास्थ्य संस्थाको मात्र होइन, हामी सबैको हो—के हामी सचेत छौं? के हामी लक्षण देखिँदा परीक्षण गराउँछौं? यदि हो भने, क्षयरोगमुक्त तनहुँको सपना टाढा छैन; यदि होइन भने, चुनौती अझ गहिरिँदै जानेछ।

# विश्व जल तथा मौसम दिवस : विपद्बाट बचाउन सहयोगी बन्दै पूर्वसूचना प्रणाली

गत शुक्रबार, आकाश अचानक बदली देखियो । घरका छाना नै उठाउने गरी हावा हुरी बेस्सरी चल्यो । चैत महिनाको मौसम पनि चिसो थियो । मुलुकको अधिकांश स्थानमा चट्याङसहितको असिना पानी पर्‍यो । त्यसको दुई दिनअघि मात्रै जल तथा मौसम विज्ञान विभागले ठूलो हावाहुरीसहित वर्षा हुने पूर्वानुमान सार्वजनिक गरिसकेको थियो । यो पूर्वसूचना औपचारिक जानकारी मात्र बनेन, व्यावहारिक रूपमा प्रभावकारी सावधानीको माध्यम बन्यो । विभागको सूचनापछि विद्यालयले तुरून्तै चासो देखाए । कक्षाकोठामा रहेका बालबालिकाहरूलाई समय अगावै घर पठाइयो । अभिभावकहरू सजग बने । कसैले छाता बोके, कसैले आफ्ना छोराछोरी लिन आफैं विद्यालय पुगे । कार्यालय हिँडेका मानिसहरू साथमा रेनकोट बोकेर निस्किए । सम्भावित जोखिमलाई ध्यानमा राख्दै सर्वसाधारणले देखाएको तत्परताले ठूलो दुर्घटना टार्न मद्दत गर्‍यो ।

पूर्वसूचनाकै आधारमा अनावश्यक रूपमा बाहिर ननिस्किने, यात्रा स्थगित गर्ने र सुरक्षित स्थानमा बस्ने निर्णयहरू भए । यसले ठूलो जोखिम न्यूनीकरण गर्‍यो । हावाहुरी सुरू भएसँगै विभिन्न स्थानमा बिजुलीका पोल ढल्ने, रूखहरू भाँचिनेजस्ता घटनाहरू भने भए। कतिपय ठाउँमा विद्युत् सेवा अवरूद्ध पनि भयो । तर, यस्ता घटनाका बाबजुद मानवीय तथा ठूलो भौतिक क्षति हुन पाएन । यस घटनाले एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । समयमै प्राप्त हुने विश्वसनीय पूर्वसूचना र त्यसप्रति नागरिक तथा संस्थागत तहको जिम्मेवार प्रतिक्रिया भएमा ठूलो विपद्को असरलाई उल्लेखनीय रूपमा कम गर्न सकिन्छ ।




जल तथा मौसम विज्ञान विभागले गत असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी-पहिरोको जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गर्‍यो । त्यसपछि अन्य अन्तरसरकारी निकायहरूले विभागको सूचनालाई अनुसरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले उक्त अवधिमा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन केही दिनसम्म रोक्ने निर्णय गर्‍यो। उक्त निर्णयले यसपटक बाढीपहिरोका कारण सडक यात्रीहरूको ज्यान जान पाएन ।

विसं २०८१ असोजमा झ्याप्ले खोलामा आएको पहिरोका कारण यात्रुबाहक बस नै पुरिँदा ३५ भन्दा बढीको ज्यान गएको थियो। रातिको समयमा पहिरो खस्दा बुटवलबाट काठमाडौंका लागि छुटेको लु १ ज ४५७८ नम्बरको माइक्रोबस, गोरखाबाट काठमाडौंका लागि हिँडेको ना ४ ख २२७० नम्बरको बस, चितवनबाट काठमाडौंका लागि हिँडेको बा ३ ज १३४५ नम्बरको माइक्रोबस पहिरोले पुरिएको अवस्थामा भेटिएको थियो ।

त्यस वर्ष मौसम विभागले अति भारी वर्षा हुने र सकेसम्म यात्रा नगर्न आग्रह गर्दै पूर्वसूचना जारी गरेर सचेत गराएको थियो। तर विभागको सूचनालाई अन्य सरकारी संयन्त्रले नै विश्वास गरेन । सूचनाको बेवास्ता गर्‍यो । न यात्रुहरूले पत्याए, न सवारीधनीहरूले सूचनाको विश्वास गरेर केही दिन सवारी साधन बन्द गर्न सके । गत असार २४ गते रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आयो । बाढीका कारण चीन-नेपालका गरी अहिलेसम्म १९ जना बेपत्ता र सात जनाको मृत्यु भयो। विभागका बाढीविद् विनोद पराजुलीका अनुसार सुप्राग्लेशियर ताल फुट्दा आएको उक्त बाढीको पूर्वसूचना प्रणाली भएको भए अकालमै सर्वसाधारणको ज्यान जाने थिएन। "रसुवा भोटेकोशी नदीमा आएको बाढीसम्बन्धी पूर्वसूचना पाएको भए अकालमै कसैले मृत्यु व्यहोर्नुपर्ने थिएन", उहाँ भन्नुहुन्छ।

"राडार र बब्लर सेन्सर नदीको आसपासमा जडान गरिएको हुन्छ, पानीको सतह घटबढ भएको सूचना हाम्रो डाटा लगरमा सङ्कलित हुन्छ र कम्युनिकेशन मोडेलबाट हाम्रो वेबसाइटमा सूचना आउँछ", बाढीविद् पराजुली भन्नुहुन्छ, "बाढी आउने सम्भावनालाई विश्लेषण गरेर जिल्ला प्रशासन कार्यालय, प्रहरी, सेना, रेडक्रस, प्रभावित हुन सक्ने समुदायका स्थानीय विपद् व्यवस्थापन समिति तथा प्रतिनिधिहरूलाई सूचना सम्प्रेषण गर्छौं ।"

कहिलेकसो स्थानीय बासिन्दाले बाढीको पूर्वसूचना पाएर बाढी आउने भू-भागतिर नै भाग्ने गरेको बताउनुहुन्छ पराजुली । "जता-जता बाढी आउँछ, उतै-उतै स्थानीय नजाउन् भन्नका लागि हामी पहिल्यै नै तालिम, गोष्ठी तथा समुदाय तहमा गएर जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं", उहाँ भन्नुहुन्छ, "विगतलाई फर्केर हेर्दा नेपालमा बाढी नआएको कुनै वर्ष नै छैन । गत वर्ष पनि तराईका केही भूभागहरू बाढीको चपेटामा परे, तर राडार र बब्लर सेन्सर जडान भएको ठाउँमा कुनै मानवीय क्षति हुन सकेन ।"

आजभन्दा १० वर्षअघि वर्षात्को समयमा आकाशबाट परेको अविरल वर्षासँगै कर्णाली नदीमा ठूलो बाढी आयो। बाढीसँगै बर्दियाको राजापुरको अस्तित्व नै बगाइदियो । ६० घर बाढीसँगै बगेर गए । तर ठूलो बाढी आएर पनि त्यहाँका मानिसलाई बगाउन पाएन । धनको क्षति भयो, तर मानवीय क्षति हुन सकेन। सरकारी तवरबाट स्थापना भएका बाढी पूर्वसूचना केन्द्र र प्रणालीले नै त्यहाँका मानिसलाई जोगाएको बताउनुहुन्छ बाढीविद् पराजुली । ती पूर्वसूचना केन्द्र र प्रणाली स्थापना नभएको भए बाढीको चपेटामा परेर अकालमै ज्यान गुमाउनेको संख्या सयौं नाघ्न सक्थ्यो ।

करिब १० वर्षअघि नै भेरी नदीमा ठूलो बाढी आयो । त्यो बाढीले सुर्खेतको जामु भन्ने बजार नै बगायो । हेर्दाहेर्दै मरूभूमिमा परिणत भयो त्यो बजार । करिब २६ जनाले अकालमै ज्यान गुमाए । कयौं टुहुरा त कयौं अपाङ्ग भए। घरवारविहीन त भए नै, तर आफन्त गुमाउनुको पीडा अझै ताजा नै छ त्यहाँका बासिन्दाका लागि । अब प्रश्न उठ्न सक्छ, बर्दियामा घर बगायो तर मानिस क्षति भएन र सुर्खेतमा मानवीय क्षति भयो । बर्दियामा बाढी आउँदैछ भनेर सर्वसाधारणलाई सुसूचित गर्ने पूर्वसूचना केन्द्र र प्रणाली जडान गरिएको थियो । बाढीको पूर्वसूचनाकै कारण स्थानीयहरू सुरक्षित क्षेत्रमा सर्न सके । आफ्नो महत्त्वपूर्ण धनमालको संरक्षण गर्न सफल भए, बाढी आउनु अगावै । तर सुर्खेतमा पूर्वसूचना दिने प्रविधि जडान गरिएको थिएन। बर्दियामा झैं बाढी आउँदैछ भन्ने पूर्वसूचना पाउन सकेको भए सुर्खेतमा २६ जनाले ज्यान गुमाउनु पर्दैनथ्यो ।

विसं २०७१ मा नै बबई नदीमा चार पटक बाढी आएको थियो । त्यहाँ बाढीसम्बन्धी पूर्वसूचना दिने प्रविधि जडान गरिएको थियो। त्यसकारण नदी आसपासका क्षेत्रमा बसोबास गर्ने मानिस बाढी आउनुअगावै सुरक्षित क्षेत्रमा सरेका थिए । सुरक्षित ठाउँमा गएका कारण त्यहाँ मानवीय क्षति हुन पाएन। आजभन्दा २० वर्षअघि बाढीको पूर्वसूचना दिने नयाँ-नयाँ प्रविधिको विकास हुन सकेको थिएन। त्यतिबेला सर्वसाधारणले जमिनभित्रका जीवजन्तुबाट पनि अड्कलबाजी लगाउँथे । अब ठूलो पानी पर्न सक्छ र नदीमा बाढी आउन सक्छ भनेर जमिनका सर्प, भ्यागुता, गड्यौला बाहिर निस्कन्थे । अनि सर्वसाधारणले अनुमान लगाउने गर्थे-बाढी आउन सक्छ भनेर । तर यो अनुमान कहिले मिल्थ्यो, कहिले मिल्दैनथ्यो ।

समय परिवर्तनसँगै बाढी कतिबेला आउँला भनेर हेर्नकै लागि अग्ला टावरहरू बनाइयो। टावरमा चढेर उपल्लो भेगका मानिसहरू नदीमा हेरेर बस्थे । अनि ठूलो पानी परेर खोलाको सतह बढ्यो भने तल्लो भेगका मानिसलाई चिच्याएर खबर पठाउने प्रयास गरिन्थ्यो । त्यो पनि भरपर्दो हुन सकेन । बाढी आएपछि तल्लो भेगका मानिसलाई सूचना पुर्‍याउन समय लाग्थ्यो। अनि सर्वसाधारण भाग्न भ्याउँदैनथे । सन् २००८ अघिसम्म मानव-स्वचालित स्टाफगेज (जल सतह मापनयन्त्र) को प्रयोग गर्न थालियो। त्यतिबेला स्टाफगेज हेरेर नदीमा पानीको सतह कतिसम्म पुगेको छ र बाढी आउने सम्भावना छ कि छैन भनेर पत्ता लगाउने गर्थे। बाढी आउने भए स्थानीय प्रतिनिधिहरूलाई आवासेटमार्फत खबर पुर्‍याइन्थ्यो । बाढी आउने सम्भावित क्षेत्रका मानिसका लागि यो प्रविधि पनि छिटो र छरितो बन्न सकेन ।

पूर्वसूचना दिन छिटो र स्वचालित प्रविधिको रूपमा सन् २००० मै विश्वका विकसित देशहरूले राडार र प्रेसर बब्लर सेन्सरको प्रयोग गर्न थालेका थिए । सन् २००५ मा जापानमा भएको संयुक्त राष्ट्रसंघको सम्मेलनले बाढी प्रभावित देशहरूलाई बाढीको पूर्वसूचना प्रक्रियालाई छिटो र सहज तरिकाले सम्प्रेषण गर्न राडार र बब्लर सेन्सरको प्रयोग गर्न सुझाव दिएपछि सन् २००८ देखि नेपालमा यो प्रविधिको प्रयोग हुन थालेको हो।

मौसम विभागले मौसमजन्य विपद्बाट हुने मानवीय क्षति कम गर्न समयमै पूर्वसूचना प्रवाहमा सक्रियता बढाएको जनाएको छ । विभागका निमित्त महानिर्देशक डा अर्चना श्रेष्ठले विश्वसनीय र समयमै सूचना प्रवाहले जोखिम न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने बताउनुभयो । उहाँका अनुसार जल

बाँकी तेश्रो पेजमा

## तपाईको आज

**मेष**
आफ्ना कमजोरी बाहिर आउनाले समस्या पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

**वृष**
समयमा लगनशील बन्न नसक्ता पछि परिनेछ। पुरानो हिसाबकिताबले विवाद निम्त्याउन सक्छ।

**मिथुन**
सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**कर्कट**
दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम सम्पादन हुन सक्छ। प्रतिस्पर्धीले पनि असल काममा साथ दिनेछन्।

**सिंह**
नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला। नतिजा सच्याउन काम दोहोर्याउनुपर्ला।

**कन्य**
परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आˆनो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्।

**तुला**
आफन्तसँग असमझदारी बढ्न सक्छ। निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्ने देखिन्छ।

**वृश्चिक**
रमाइलो क्षणमा पनि मन खिन्न रहनेछ। केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ।

**धनु**
स्वास्थ्य कमजोर बन्नाले चिताएको काम रोकिन सक्छ। श्रम गरीकन चिताएको मूल्य प्राप्त नहुन सक्छ।

**मकर**
काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ। शत्रुहरूको चलखेल भने बढ्न सक्छ, सजग रहनुहोला।

**कुम्भ**
अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ। प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्।

**मीन**
विचारले धेरैलाई आकर्षण गर्ने समय छ। बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ।

# शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८२/१२/०८*

भानु नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा तनहुँको च.नं. २८६ मिति २०८२/१२/०८ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीमा एक जना **गणित** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (करार)
२) **विषय** : गणित   ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता**: सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : नेपाल सरकारको नियमानुसार ।
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८२/१२/२२ गतेसम्म
११) **सम्पर्क मिति** : २०८२/१२/२२ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

**नोट** : करार सूचिमा नाम भएका उम्मेदवारले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्रमाणसहित उपस्थित भएमा योग्यता क्रमको आधारमा नियूक्तिको प्रक्रिया अगाडि बढाइने छ । करार सूचिका उम्मेदवार नआएमा खुल्ला उम्मेदवारबाट छनोट गरिनेछ ।

प्रधानाध्यापक

**श्री अरनिको माध्यमिक विद्यालय**

भानु नगरपालिका-१३, ठूलोढूङ्गा, तनहुँ ।
सम्पर्क : ९८४१०१२२९६, ९८६९०२९७७४


# विश्व जल तथा मौसम .........

तथा मौसमको नियमित अवलोकनले पृथ्वीको पानी सञ्चालन प्रक्रिया र वायुमण्डलबीचको अन्तरसम्बन्ध बुझ्न महत्त्वपूर्ण भूमिका खेल्छ । "यसअन्तर्गत वर्षा, तापक्रम, आर्द्रता, हावाको गति तथा दिशा, नदीको बहावलगायत सूचकहरूको मापन गरिन्छ", श्रेष्ठले भन्नुभयो, "यस्ता अवलोकनका आधारमा मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वचेतावनी प्रणाली सञ्चालन गरिँदै आएको छ । यसले विशेषगरी मनसुनजन्य विपद् व्यवस्थापनमा प्रभावकारी सहयोग पुऱ्याइरहेको छ।"

जल तथा मौसम विज्ञान नीति २०८१ ले जल, मौसम, जलवायु तथा हिमसम्बन्धी मापन केन्द्र स्थापना, सञ्चालन, तथ्याङ्क तथा सूचना संकलन, सम्प्रेषण, प्रशोधन, विश्लेशनलगायत नवीनतम प्रविधिको व्यवस्थित प्रयोग गरिने नीति लिएको छ। श्रेष्ठका अनुसार देशभर सञ्चालित ५०० बढी मौसम मापन केन्द्रहरु, २०० बढी जलमापन केन्द्रहरु, थिग्रेनी मापन केन्द्रहरु, हिम केन्द्रहरु, हवाई मौसम मापन केन्द्रहरु, तीन वटा मौसम राडार केन्द्रहरु तथा एक रेडियोसोंड केन्द्रहरूको सञ्चालनमार्फत जल तथा मौसम अवलोकनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ ।

**पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक बनाइने**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले पूर्वसूचना प्रणालीलाई अझै वैज्ञानिक, प्रभावकारी र पहुँचयोग्य बनाउने सरकारको योजना रहेको बताउनुभएको छ । मन्त्री सिन्हाले विपद् जोखिम न्यूनीकरणका लागि समयमै सूचना प्रवाह मात्र पर्याप्त नभई त्यसको प्रभावकारी सञ्चार उत्तिकै आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले स्थानीय भाषामा सूचना प्रवाह गर्न सके मात्र समुदाय तहसम्म सचेतना विस्तार हुने बताउँदै जनचेतना अभिवृद्धि अपरिहार्य रहेको औँल्याउनुभयो । "पूर्वसूचना प्रणाली प्रभावकारी बनाउन स्थानीयस्तरमा बुझ्िने भाषामा जानकारी दिनु जरूरी छ", उहाँले भन्नुभयो । मन्त्री सिन्हाले अनुसन्धान तथा नयाँ प्रविधिको विकास र प्रवर्द्धनमा विशेष जोड दिनुपर्ने आवश्यकता औँल्याउँदै यस क्षेत्रमा लगानी वृद्धि गर्न सरकार प्रतिबद्ध रहेको जानकारी दिनुभयो । विपद् व्यवस्थापन र पूर्वसूचना प्रणाली सुदृढीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेको उहाँको भनाइ छ ।

**पहिरोसम्बन्धी पूर्वसूचनाको पनि आवश्यकता**

बाढीसम्बन्धी पूर्वसूचनाका कारण जनधनको क्षति कम हुँदै आए पनि नेपालमा पहिरोसम्बन्धी पूर्वसूचनाको विकास पर्याप्त हुन सकेको छैन । विज्ञहरूले पहिरोसम्बन्धी पूर्वसूचनाको विकास जरूरी रहेको औँल्याएका छन् । भूगर्भविद् डा सुवोध ढकालले पहिरोसम्बन्धी पूर्वसूचना विकास हुन सकेमा मनसुनजन्य विपद्बाट हुने क्षति कम गर्न सकिने बताउनुभयो ।

"बाढीको हकमा कहिले पानी पर्छ, कुन खोलाको पानीको सतह बढ्दै छ भन्ने कुरा जानकारी दिइन्छ, यसले क्षति कम गराएको छ", उहाँले भन्नुभयो, "तर पहिरोमा गाह्रो के हुन्छ भने जमिन कहाँतिर बग्दै छ भन्ने बुझ्न पानीको सतह हेर्नुपर्ने हुन्छ । जमिनभित्र पानीको मात्रा पर्याप्त भएर बाहिर आयो भने पहिरो जान सक्छ भनेर अनुमान गर्न सकिन्छ । यसका लागि पहिरोसम्बन्धी पूर्वसूचनामा लगानी आवश्यक छ ।" रासस





# मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**चैत्र १४ गते शनिबार**



**डा. जयन्ती ज्वारचन**
वरिष्ठ छाला, यौन, कुष्ठ तथा सौन्दर्य रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

**सुन्दर छाला, स्वस्थ यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं।**

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख समस्या र लक्षणहरु:**

**१. छाला सम्बन्धी रोगहरु:**
अनुहार, हात, शरीरमा रास, डाबर वा रातो-गुलियो देखिनु, चिलाउने, सुन्निने, फोकाहरु आउने, खोपडीमा बोसो, ड्यान्ड्रफ वा रौं झर्ने समस्या, सोरायसिस (Psoriasis), एक्जिमा (Eczema), एलर्जी

**२. यौनरोग सम्बन्धी समस्याहरु** (Male/Female):
यौनाङ्गमा घाउ, दुखाइ वा फोका आउने, यौन रोगजन्य संक्रमण (STI/STD), जलन, गन्ध, शीघ्रपतन, नपुंसकता, यौन दुर्बलता, यौन जीवनमा आत्मविश्वासको कमी

**३. कुष्ठ (Leprosy) रोग:**
छालामा संवेदनाहीन रङ फेरेको दाग, हातखुट्टा टर्रिने, कमजोरी वा सुन्निने, कुष्ठ रोगका प्रारम्भिक लक्षणहरु, लामो समयको छाला समस्या जसले निको हुँदैन

**४. सौन्दर्य चिकित्सा** (Aesthetic Dermatology):
छालाको रङ, दाग, डार्क स्पट हटाउने उपचार, फेसियल थेरापी, स्किन पीलिङ, स्कार ट्रीटमेन्ट, मुहार चम्काउने र त्वचा टाइट गर्ने उपायहरु, हेयर ट्रीटमेन्ट तथा लेजर सेवा, कपाल झर्ने समस्यामा Inj PRP दिनुको साथै कपाल झरेर पुरै टाउको खाली भएको र ठाउँ ठाउँमा खाली भएकोमा कपाल रोप्ने (Trasplant) पनि गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।


## Gandaki Province Government
## Ministry of Health
# Province Hospital Damauli, Tanahun

## Invitation for Electronic Bids

**Date of publication: 2082/12/10**

1. Gandaki Province Government, Ministry of Health, Provincial Health Directorate, Province Hospital Damauli, Tanahun, has received a fund from Hospital management committee towards the cost of ***Procurement Of Supply, Delivery And Installation Of Laparoscopic Surgery Tower Set and Procurement Of Supply And Delivery Of Emergency Trauma Care Unit Items to be delivered at Province Hospital Damauli, Tanahun under national competitive bidding procedure specified in the Public Procurement Act and regulation*** and intends to apply part of the fund to cover eligible payments under the Contract for IFB No: **as Mention below:**
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Province Hospital Damauli, Tanahun,** Telephone: 065563203, E-mail: damaulihospital2068@gmail.com, website: damaulihospital.gandaki.gov.np or may visit PPMO e-Gp system www.bolpatra.gov.np/egp.
3. Bidding documents are available on online and can be downloaded from e-GP system: https://bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

**Information to deposite the cost of bidding document in Bank:**

- Name of Office: **Province Hospital Damauli, Tanahun**
- Rajaswa (revenue) title no. : **14229**
- Rajaswa (Revenue) account no : **27302000001001000001**
- Bank Name : **Nepal Bank**
- Security deposite (Dharauti) Acc No: **kha 2.3- pa le ni ka Dharauti Khata No 06002000002003000001**
- Office code no : **3700138014**

5. Interested Bidder shall submit the Electronic Bids through https://bolpatra.gov.np/egp to the before mentioned office of Province Hospital, Damauli, Tanahun through https ://bolpatra.gov.np/egp on or before 12:00 PM, 2083/01/10
6. The bids will be opened in the presence of Bidders' representatives at 2083/1/10 at 2pm ***Provimce Hospital*** Damauli, tanahun Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum amount of bids mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject any or all the bids without assigning reason, whatsoever. Any intimidation, collusion and curtailing during bidding process shall be punishable by law.
9. The name and identification of the contract are as follows:

| S. N. | Contract Identification | Description | Units | Bid Document Fee | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|
| 1. | DH/NCB/13/ 082/083 | Procurement Of Supply,Delivery And Installation Of Laparoscopic Surgery Tower Set | As per BOQ | 3000 | 1,48,720/- (One Lakh Forty Eight Thousand Seven Hundred twenty Rupees only) |
| 2 | DH/NCB/14/ 082/083 | Procurement Of Supply And Delivery Of Emergency Trauma Care Unit Medical Items | As per BOQ | 3000 | 35,828.8/- (Thirty Five Thousand Eight hundred twenty eight rupees eight paisa only) |

**Province Hospital Damauli, Tanahun**




जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**जंगलमा पानी पोखरी निर्माण :** घरपालुवा तथा जंगली जनवारहलाई सहज रूपमा पानीको उपभोग गर्ने वातावरण बनाउने उद्देश्यले कास्कीको अन्नपूर्ण गाउँपालिका-४ स्थित भक्भके पोखरीलाई संरक्षण गरिदै । चालु आर्थिक वर्षमा गण्डकी प्रदेशबाट विनियोजित बजेटबाट भू तथा जलाधार व्यवस्थापन कार्यालय, तनहुँले उक्त पोखरी संरक्षणको कार्य गरेको हो । पोखरी संरक्षणको कार्य सम्पन्न भएपछि कार्यालयको प्राविधिक टोलीले स्थलगत अध्ययन तथा अनुगमन गरेको छ । *तस्विर : भञ्ज्याङ*

# जलवायु परिवर्तनका कारण मौसमजन्य घटना बढ्दै

भञ्ज्याङ समाचारदाता/काठमाडौं

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा हेर्ने ) चिरञ्जीवी चटौतले जलवायु परिवर्तनका कारण बाढी, पहिरोलगायत चरम मौसमजन्य घटनाहरु बढ्दै जाँदा भविष्य नै जोखिममा परेको बताउनुभएको छ। विश्व मौसम दिवस २०२६ का अवसरमा आयोजित कार्यक्रममा सचिव चटौतले जलवायु परिवर्तनका असरसँग जुध्न जल तथा मौसमजन्य घटनाका पूर्वसूचना प्रविधि र जलवायुमैत्री पूर्वाधार विकास आवश्यक रहेको बताउनुभयो। उहाँले वैज्ञानिक तथ्याङ्कलाई प्रभावकारी रूपमा पूर्वसूचनामा रूपान्तरण गर्न सके मौसमजन्य घटनाबाट नागरिकको ज्यान जोगाउन सकिने धारणा व्यक्त गर्नुभयो ।

"वैज्ञानिक तथ्याङ्कलाई समयमा नै पूर्वसूचनामा बदलेर जोखिम कम गर्न सकिन्छ । बाढी पहिरो, हिमताल विस्फोटबाट हुन सक्ने सम्भावित धनजनको क्षति कम गर्न सकिन्छ," उहाँले भन्नुभयो।

जल तथा मौसम सेवाहरूलाई आधुनिक, विश्वसनीय र प्रभावकारी बनाउन बहुपक्षीय सहकार्य अपरिहार्य रहेको सचिव चटौतले औँल्याउनुभयो । साथै, सरकार, प्राविधिक निकाय र सरोकारवालाबीच समन्वय बलियो बनाउनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । जलवायुजन्य जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली सुदृढीकरण, प्रविधिको प्रयोग विस्तार तथा संस्थागत सहकार्यलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् राजु धर प्रधानाङ्ग र वरिष्ठ जलविद् राम विकेशले संयुक्त रूपमा कार्यपत्र प्रस्तुत गर्दै अवलोकनदेखि सेवासम्मको मौसम प्रणालीको विकासक्रम, प्रविधिको प्रयोग तथा भविष्यका योजनाबारे जानकारी गराउनुभयो । उहाँहरूले पछिल्लो समय मौसमजन्य पूर्वसूचनाको अवलोकनदेखि सेवासम्म मौसम पूर्वानुमान प्रणाली सुदृढ हुँदै गएको बताउनुभयो । अवलोकन, विश्लेषण, पूर्वानुमान र सेवामार्फत विपद् न्यूनीकरणमा प्रभावकारी योगदान पुऱ्याइरहेको उहाँहरूको भनाइ छ।

विश्व मौसम दिवस २०२६ को सन्दर्भमा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमा मौसमसम्बन्धी सही अवलोकन बिना प्रभावकारी पूर्वानुमान सम्भव नहुने उल्लेख छ । वरिष्ठ मौसमविद् प्रधानाङ्गले मौसमले उययन, कृषि, स्वास्थ्य, दैनिक जनजीवन तथा विपद् व्यवस्थापनलगायत क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले विश्वसनीय तथ्याङ्क सङ्कलन आवश्यक रहेको औँल्याउनुभयो। उहाँका अनुसार देशभरका स्वचालित र 'म्यानुअल' मौसम स्टेसन, राडार, उपग्रह तथा रेडियोसन्डे प्रणालीमार्फत वास्तविक समयमै तथ्याङ्क सङ्कलन गरिँदै आएको छ। सङ्कलित तथ्याङ्कलाई गुणस्तर परीक्षण तथा विश्लेषण गरी पूर्वानुमान तयार पारिने गरिएको छ । संख्यात्मक मौसम पूर्वानुमान (एनडब्ल्युपी) प्रणालीमार्फत विभिन्न सरकारी निकाय तथा सरोकारवालालाई डेटा उपलब्ध गराउँदै आएको प्रधानाङ्गको भनाइ छ। "यसले यातायात, कृषि, पूर्वाधार विकास तथा विपद् व्यवस्थापनमा निर्णय लिन सहयोग पुऱ्याइरहेको छ," उहाँले भन्नुभयो।

हाल १२ घण्टा, २४ घण्टा, तीन दिन तथा साप्ताहिक पूर्वानुमान सेवा सञ्चालनमा रहेको छ । यस्तै, उययन क्षेत्रका लागि विशेष मौसम सेवा, पर्वतारोहण पूर्वानुमान, कृषि मौसम सेवा तथा विशेष चेतावनी प्रणालीसमेत सञ्चालनमा छन् । विभागका अनुसार पछिल्ला वर्षमा प्रविधिको प्रयोग उल्लेखनीय रूपमा बढाइएको र स्वचालित मौसम स्टेसन, उन्नत उपग्रह, राडार प्रणाली तथा उच्च क्षमतायुक्त कम्प्युटर प्रणालीमार्फत पूर्वानुमानको शुद्धता सुधार गरिएको छ ।

सन् २०२१ देखि सुरु गरिएको प्रभावमा आधारित पूर्वानुमान प्रणालीले विशेषगरी मनसुनको समयमा जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रवाहलाई प्रभावकारी बनाएको विभागले जनाएको छ । भविष्यमा पाँचदेखि सात दिनसम्मको पूर्वानुमान सेवा, निर्णय सहयोग प्रणाली, कृत्रिम बुद्धिमत्ता आधारित विश्लेषण तथा मोबाइल एपमार्फत सेवा विस्तार गर्ने योजना रहेको पनि कार्यक्रममा जानकारी दिइएको छ । जलविद् रायले बाढीसम्बन्धी पूर्वसूचनाका कारण सम्भावित जोखिम न्यूनीकरण भएको र धनजनको क्षतिसमेत कम भएको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

क्षयरोगबाट बचौं र बचाऔं ।

- खोक्दा र हाछ्युँ गर्दा मु छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा नि:शुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाईमा ध्यान दिऔं,

'क्षयरोग निको हुन्छ' भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

facebook twitter



**DilNishani Magar**
facebook.com/dilnisani.magar

जेनजीलाई गोली हानेको देखिनस् भन्नेहरु पनि छन्। देखेको छु हजुर, किन नदेख्नु। गोली लागेका मान्छेहरूको ५ किलो मिटर सम्मको लाइन पनि देखेको छु। बाँसको कप्टेरामा सलाईन पानी झुण्डाएर हिंडिरहेका हजारौँ घाइतेहरु पनि देखेको छु। जेनजी आन्दोलनलाई पूर्ण समर्थन छ। तर स्कुलको ड्रेसमा आउन भनेर स-साना बच्चाहरूलाई निषेधित क्षेत्र, संसद भवनको गेटसम्म पुऱ्याउने रणनीतिकारहरु को-को हुन्? सबैभन्दा पहिले तिनीहरु माथि पनि कारबाही हुनुपर्छ। लुकाएर राखिएको कार्की आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक हुनुपर्छ। यस्तो जाबो सिंहदरबार त जति ओटा पनि बनाउन सकिन्छ भन्नेहरु हो, यस्तो जाबो चुनाव पनि ५-५ वर्षमा गर्न सकिन्छ। उस्तै परे त्यो भन्दा छिटो पनि गर्न सकिन्छ ।

# मृगौला र क्यान्सर पीडितलाई आर्थिक सहयोग

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ समाज हङकङले सोमबार २ जना दीर्घ रोगबाट पीडित भएकालाई आर्थिक सहयोग गरेको छ । समाजले दमौलीमा एक कार्यक्रमको आयोजना गरि उनीहरूको उपचारार्थ ४ लाख ५२ हजार ५ सय आर्थिक सहयोग गरेको हो । तनहुँको ऋषिङ गाँउपालिका-६ निवासी दुबै मृगौला फेल भएकी तीन बर्षदेखी नियमित



डायल्सिस गराउदै आएकी ३५ बर्षीया कुमारी आलेलाई समाजले सहयोग गरेको हो ।

त्यस्तै म्याग्दे गाउँपालिका-५ निवासी फोक्सोको क्यान्सर भएका ४९ बर्षीय प्रेम बहादुर थापालाई पनि समाजले आर्थिक सहयोग गरेको हो । समाजका पूर्व अध्यक्ष भीमराज गुरूङ र नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष डिपी अधिकारीले संयुक्त रूपमा सहयोग रकम पीडितहरूलाई हस्तान्तरण गरेका हुन् ।

उनीहरूलाई जनही रू २ लाख २६ हजार २५० प्रदान गरिएको गुरूङले जानकारी दिए। कुमारी आलेलाई सहयोग रकम समाजका सल्लाहकार लालबहादुर थापाको संयोजकत्वमामा संकलन गरिएको हो भने प्रेमबहादुरको सहयोग रकम प्रवक्ता बिपिन थापा मगर मार्फत संकलन गरिएको हो।

रकम हस्तान्तरण कार्यक्रममा बोल्दै पूर्व अध्यक्ष गुरूङले हङकङमा रहेका दाजुभाइ दिदीबहीनीहरूले आफ्नो कमाइबाटै क्षमता अनुसार सहयोग गर्दै आएकाले रकम सदुपयोग गर्न पीडित परिवारलाई अनुरोध गरे। साथै नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष अधिकारीले मानवीय सेवाका लागि तनहुँ समाज हङकङको सक्रियता प्रसंशायोग्य रहेको बताए । तनहुँको विविध क्षेत्रमा समाजले महत्त्वपूर्ण योगदान गरेको बताउदै उनले समाजका हरेक गतिविधिमा समन्वय सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गरे ।

लामो समयदेखि सामाजिक क्षेत्रमा काम गर्दै आएको तनहुँ समाज हङकङले हालसम्म विभिन्न रोगबाट पीडित भएका २७ जनालाई आर्थिक सहयोग गरिसकेको छ । स्थापनाकाल देखिनै सामाजिक सेवामा सक्रिय रहदै आएको समाजले भुकम्पपछिको पूननिर्माण,बाढी पहिरो जस्ता दैवि प्रकोपबाट पीडितलाई सहयोग गर्नुका साथसाथै तनहुँको शिक्षा, स्वास्थ्य,खानेपानी र सञ्चार सम्बन्धि पूर्वाधार बिकास तथा पत्रकारिता प्रवर्द्धनमा समेत सहयोग गर्दै आएको समाजले जनाएको छ ।

## गण्डकी प्रदेशसभा: सडक .........

उल्लेख गर्दै पुराना संरचना नहटाई नयाँ संरचना निर्माणमा लागू हुने गरी सडक सीमा निर्धारण गरिने बताउनुभयो ।

त्यसअघि मन्त्री केसीले उक्त विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रदेशसभामा पेश गर्नुभएको थियो । आजको बैठकको विशेष समयमा प्रदेशसभा सदस्य दोर्णकुमार कुँवर, लिलबहादुर थापा, सुशिला सिम्खडा, कल्पना तिवारी, गणेशमान गुरूङ, डिल्लीराम सुवेदी र बेदबहादुर गुरूङ समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

बैठकको शुन्य समयमा प्रदेशसभा सदस्य कुसुम बुढा, यशोधा रिमाल र भक्तबहादुर कुँवरले बोल्नुभएको थियो । प्रदेशसभाको अर्को बैठक मङ्गलबार बिहान ११ बजे बस्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४